सामाजिक विकास मन्त्रालय
प्रदेश नं.१, विराटनगर

## प्रेस विज्ञप्ती

मितिः २०७५।०९।१०

प्रिय पत्रकार मित्रहरु,

यस मन्त्रालयबाट चालु आ.व. ०७५।०७६ मा हालसम्म भएका कामहरु जनसमक्ष पुर्याइ सहयोग गरी दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

प्रदेश घरेलु हिंसा सम्बन्धी ऐन, २०७५ र प्रदेश सामाजिक विकास संस्था ऐन, २०७५ प्रदेश सभाबाट पारित भई प्रदेश प्रमुखबाट प्रमाणिकरण समेत भई सकेको छ । प्रदेश खेलकुदको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ प्रदेश सभाबाट संसदीय सामाजिक विकास समितिमा छलफलका लागि पठाईएको छ ।

निम्न विधयेकहरुको मन्त्रिपरिषदबाट सैदान्तिक सहमति लिई मस्यौदा समेत तयार भई अन्तिम स्वीकृतीका लागि पठाई सकिएको छ ।

१. शिक्षा विधयेक, २०७५
२. मनोमहन प्राविधिक विश्वविद्यालय सम्बन्धी विधयेक,२०७५
३. कोशी चिकित्सा विज्ञान प्रतिष्ठान विधयेक,२०७५
४. जनस्वास्थ्य विधयेक, २०७५
५. बालअधिकार सम्बन्धी विधयेक, २०७५
६. सामाजिक सुरक्षा सम्बन्धी विधयेक, २०७५

चालु आ.व.को वजेट कार्यान्वयनका लागि आयोजना कार्यन्वयन कार्यविधि, २०७५ मन्त्रिपरिषदबाट पारित गरी आयोजना कार्यन्वयन ईकाई कार्यालय स्थापना समेत भई सकेको र उक्त कार्यालयले निर्माणसँग सम्बन्धी कार्यहरु गर्ने जिम्मेवारी तोकिएको छ ।यसै गरी अन्य कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि र निर्देशिकाहरु तयार भई सकेको छ ।जसले गर्दा वजेट कार्यान्वयनमा सहजता पैदा भएको छ ।

यस मन्त्रालय मातहतका निम्न निकायहरुमा निम्न अनुसारको वजेट निकासा समेत भई सकेको छ ।

| अख्तियारी दिईएको | | |
|---|---|---|
| **निकाय** | **रकम(रु.)** | **रकम अक्षरमा** |
| प्रदेश सङ्ग्रहालय | 4200000 | बयालिस लाख रुपैंया |
| स्वास्थ्य निर्देशनालय | 16735000 | एक करोड सत्सठ्ठी लाख पैतीस हजार रुपैंया |
| कोशी अंचल अस्पताल | 121288000 | बाह्र करोड बाह्र लाख अठासी हजार रुपैंया |
| मेची अंचल अस्पताल | 42888000 | चार करोड अठ्ठाइस लाख अठासी हजार रुपैंया |
| शिक्षा तालिम केन्द्र | 48542000 | चार करोड पचासी लाख बयालिस हजार रुपैंया |
| शिक्षा विकास निर्देशनालय | 317542000 | एकतीस करोड पचहत्तर लाख बयालिस हजार रुपैंया |
| कार्यक्रम खर्चवाट जम्मा (अस्पतालहरुलाई) | 401825000 | चालीस करोड अठाह्र लाख पचीस हजार रुपैंया |
| रोजगार सुचना केन्द्र | 1983000 | उन्नाइस लाख त्रीयासी हजार रुपैंया |
| सीप विकास तालिम केन्द्र | 27198000 | दुई करोड एकहत्तर लाख अन्ठान्नब्बे हजार रुपैंया |
| **जम्मा** | **982201000** | **अन्ठान्नब्बे करोड बाइस लाख एक हजार रुपैंया** |
| केन्द्रले फिर्ता लगेको | 39992000 | तीन करोड उनान्सय लाख बयान्नब्बे हजार रुपैंया |

१३ वटा उत्कृष्ट सामुदायिक माध्यमिक विद्यालयहरुलाई छनौट गरी रु. ५,००,०००।– का दरले सम्मान गरिएको छ ।एस.ई.ई परिक्षा संचालन र व्यवस्थापनका लागि उत्तरपुस्तिका छपाई लगायत आवश्यक तयारी कार्य भई रहेको छ ।त्यसैगरी प्रदेश विश्वविद्यालयको सम्भाव्यता अध्ययनका लागि कार्यदल गठन गरी कार्य संचालन भई रहेको छ । मनोमहन प्राविधिक विश्वविद्यालय निर्माण गर्ने प्रदेश सरकारको निति र कार्यक्रममा समेत उल्लेख भएको हुनाले सो कार्य सम्पादन गर्नका लागि सम्भाव्यता अध्ययन कार्यदल गठन गरी कार्य सम्पादन हुन लागेको छ ।त्यसैगरी भारतको पुणे स्थित MIT world peace University र प्रस्तावित मनोमहन टेक्निकल युनिभरसिटीको विचमा मैत्री सम्बन्ध स्थापित गर्ने समजदारी भएको छ र चाडै MOU गरिने छ ।सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि विद्यालय मितेरी कार्यक्रमको तयारी भई रहेको छ ।जसको परिक्षणको रुपमा विराटनगर स्थित मोर्डन एरा स्कूल र खोटाङको जाल्पा मा.वि. विच मितेरी सम्बन्ध कायम गरिएको छ ।यसैगरी पूर्व विद्यार्थीहरुलाई आफ्नो स्कुल आफै बनाउ अभियानमा सरिक गराउने तयारी भई रहेको छ ।E-education लाई प्रोत्साहन दिने उद्देश्यले विभिन्न साझेदारहरुको साझेदारीमा १०० वटा स्कुलबाट परीक्षण गरी क्रमश प्रदेश भरका विद्यालयमा विस्तार गर्ने तयारी भई रहेको छ । जिल्ला समन्वय इकाइका प्रमुखहरु, हरेक स्थानीय तहका शिक्षा प्रमुख, सामाजिक विकास समितिका संयोजक समेतको सहभागितामा अभिमुखीकरण गोष्ठी ४ स्थान(इनरुवा, इलाम, धनकुटा, ओखलढुङ्गा)मा सम्पन्न भएको छ ।

कोशी अञ्चल अस्पताललाई शिक्षण अस्पतालमा रुपान्तरण गर्ने गरी आवश्यक प्रक्रिया अगाडि बढाईएको छ । कोशी अञ्चल अस्पतालमा तत्काल गर्नु पर्ने सुधारका लागि एक कार्यदल गठन गरी अध्ययन कार्य समेत पुरा भएको छ ।जसको प्रतिवेदन चाडै सार्वजनिक गरिनेछ ।जडीबुटीको उत्पादन प्रशोधनको सम्भाव्यता अध्ययन गर्न एक कार्यदल गरी अध्ययन कार्य प्रारम्भ गरिएको छ । "जेष्ठ नागरिक दन्त मुस्कान कार्यक्रम" अन्तर्गत पाईलट प्रोजेटको रुपमा खोटाङको रावावेसी गा.पा.का ५०० जना जेष्ठ नागरिकलाई दात लगाउने कार्य सम्पन्न भएको छ । हरेक स्थानीय तहका स्वास्थ्य संयोजक समेतको सहभागितामा १४ जिल्लामा समिक्षा गोष्ठी सम्पन्न भएको छ । त्यसैगरी जिल्ला समन्वय समितिका प्रमुख, प्रादेशिक स्वास्थ्य कार्यालयका प्रमुख, अञ्चल तथा जिल्ला अस्पतालका मेडिकल सुपरिटेण्डेन्टहरु (आयूर्वेद लगायत), स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न संघ-संस्थाका प्रमुखहरु समेतको सहभागितामा ३ दिवसिय प्रादेशिक वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठी इटहरी सम्पन्न भएको छ ।

सरकारले जेष्ठ नागरिक प्रति लिने निति र आगामी कार्यक्रमको सन्दर्भमा सुझाव दिने उद्देश्यका साथ कार्यदल गठन गरी कार्य प्रारम्भ भएको छ । अपाङ्गता भएका व्यक्तिको समग्र पक्षको अध्ययन गरी निति तथा कार्यक्रम तय गर्नका लागि कार्यदल गठन गरी कार्य प्रारम्भ भएको छ ।

झापा, मोरङ र सुनसरीका पानी उद्योगहरुको अनुगमन गरी पिउने पानीको शुद्धताका लागि जनजागरण ल्याउने, व्यावस्थापनमा सुधार ल्याउने र कमजोरी गर्नेहरुलाई कार्वाहीको दायरमा लाने कार्य प्रारम्भ भएको छ ।शौचालय सफाईका लागि जागरण र अनुगमनलाई नियमित गरिएको छ ।निजि र सरकारी स्तरमा संचालित अस्पतालहरुको नियमन र व्यवस्थापनका लागि आवश्यक नीति, निर्देशिकाको तयारी भई रहेको छ ।साथै अनुगमन समेत प्रारम्भ गरीएको छ ।अब यसलाई प्रभावकारी बनाईनेछ ।

प्रदेश फुटबल खेलको विकासको लागि प्रदेश सरकार र अखिल नेपाल फुटबल संघसँग २०७५ देखि २०७९ सम्म "अन्तराष्ट्रिय आमन्त्रण मुख्यमन्त्री कप फुटबल प्रतियोगिता" र "मुख्यमन्त्री कप प्रदेश लीग फुटबल प्रतियोगीता" प्रतिवर्ष संचालन गर्ने संझौता भै सकेको छ । त्यसैगरी प्रदेश भित्रका विशेष शिक्षाको विकासको लागि अपाङ्ग महासंघ समेतको समन्वयमा प्रदेश स्तरीय निति निर्माणमा सहयोग पुर्याउन सुझाव संकलन गोष्ठी संचालन भएको छ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं:-१

संघिय सरकारबाट हस्तान्तरण भएका कार्यालयहरु:

- प्रदेश संग्रहालय, धनकुटा
- मेची अञ्चल अस्पताल, भद्रपुर, झापा
- कोशी अञ्चल अस्पताल, विराटनगर, मोरङ
- जिल्ला अस्पताल, सोलुखुम्बु
- जिल्ला अस्पताल, ताप्लेजुङ्ग
- जिल्ला अस्पताल तेह्रथुम
- जिल्ला अस्पताल धनकुटा
- जिल्ला अस्पताल पाँचथर
- जिल्ला अस्पताल, भोजपुर
- जिल्ला अस्पताल, खोटाङ
- जिल्ला अस्पताल, ओखलढुङ्गा
- उदयपुर अस्पताल, उदयपुर
- इनरूवा अस्पताल, सुनसरी
- इलाम अस्पताल, इलाम
- संखुवासभा अस्पताल, संखुवासभा
- मेची अञ्चल आयुर्वेद औषधालय, इलाम
- कोशी अञ्चल आयुर्वेद औषधालय, धनकुटा
- सगरमाथा अञ्चल आयुर्वेद औषधालय, उदयपुर
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ताप्लेजुङ्ग
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पाँचथर
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापा
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र संखुवासभा
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, तेह्रथुम
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भोजपुर
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सुनसरी
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, मोरङ
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, सोलुखुम्बु
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, ओखलढुंगा
- जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, खोटाङ
- व्यवसायिक तथा सिप विकास तालिम केन्द्र, ओखलढुङ्गा
- व्यवसायिक तथा सिप विकास तालिम केन्द्र, झापा
- रोजगार सूचना केन्द्र, विराटनगर
- हलेसी विकास समिति, खोटाङ

प्रदेश सरकारले स्थापना गरेका कार्यालयहरु:

- शिक्षा विकास निर्देशनालय, धनकुटा
- शिक्षा तालिम केन्द्र, सुनसरी
- स्वास्थ्य निर्देशनालय, धनकुटा
- स्वास्थ्य कार्यालय पाँचथर

- स्वास्थ्य कार्यालय मोरङ
- स्वास्थ्य कार्यालय तेह्रथुम
- स्वास्थ्य कार्यालय उदयपुर
- स्वास्थ्य कार्यालय ओखलढुङ्गा
- स्वास्थ्य कार्यालय धनकुटा
- आयोजना कार्यान्वय ईकाई, विराटनगर

फोहोर मैला व्यावस्थापन सम्बन्धमा मन्त्रालयको ध्यान गएको छ । यसै विषयमा मिति २०७५।०९।०२ देखि ऐ. ६ गते सम्म माननिय सामाजिक विकास मन्त्री ज्यूबाट भारतको मुम्मई स्थित Agile process chemicals LLP नामक कम्पनीको भ्रमण भएको छ । उक्त उद्योगले अनुसरण गरेको यस विषयमा झापा, मोरङ, सुनसरी र इलामका नगरपालिका प्रमुखहरु र NAST का विषय वैज्ञानिकसँग समेत मुख्य-मुख्य शहरहरुबाट उत्पादन हुने फोहोर व्यवस्थित विर्सजन गर्ने, त्यस्ता फोहोरहरुबाट विकेट उत्पादन गर्ने, प्लाष्टिकजन्य फोहोरबाट इन्धन उत्पादन गर्ने, सड्ने फोहोरबाट ग्यास उत्पादन गर्ने र अन्य प्रकारको फोहोरबाट कम्पोष्ट मल उत्पादन गर्ने विषयमा छलफल अगाडी बढाईएको छ । चाडै नै यो विषयमा टुंगोमा पुग्ने सोच मन्त्रालयले लिएको छ ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश नं:-१
विराटनगर, नेपाल

प्रवक्ता
गोपी प्रसाद घिमिरे
सामाजिक विकास मन्त्रालय
प्रदेश नं. १, विराटनगर ।